"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार र व्यापार; सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

## Gaur Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Municipal Executive

गौर, रौतहट
Gaur,Rautahat
प्रदेश नं. २, नेपाल
province No.2,Nepal

पत्र संख्या/Ref.No.:-०७७/०७८
चलानी नं./Dispatch No.:- ८४४

मिति/Date: २०७७/०७/२५

विषय – घरको नक्सा अभिलेखीकरण सम्बन्धमा ।

यस नगर क्षेत्रमा निर्माण भएको सम्पूर्ण पक्की घरको नक्सा पास भएको हुनु पर्ने कानूनी व्यवस्था भएकोमा कसैले नक्सा पास नगराई मिति २०७४/०६/२८ गते भन्दा अगाडि घर निर्माण गरी सकेको भए त्यस्तो घरलाई एक पटकको लागि मात्र नक्सा पास प्रयोजनको लागि घरको नक्सा अभिलेखन गरी दिइने भएकोले सम्पूर्ण घरधनीले मिति २०७७ साल माघ मसान्त सम्ममा देहायको कागजात संलगन। राखी दरखास्त पेश गर्नु हुन सम्बन्धित सबै नगरवासीको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यस सूचना बमोजिम घरको नक्सा अभिलेखन नगराउनेको हकमा पछि अन्य कुनै पनि व्यवस्था गर्न नसकिने र यस सूचना लाई अटेरी गरी अभिलेखन नगराउने घरधनीलाई यस कार्यालयबाट प्रदान गरिने सेवा सुविधामा रोक लगाउन सकिने व्यहोरा समेत यसै सूचनाबाट जानकारीको लागि अनुरोध छ।

संलग्न गर्नु पर्ने कागजातहरु

(क) तोकिएको ढाँचाको दरखास्त थान-१
(ख) नेपाली नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि थान-१
(ग) जग्गाधनी प्रमाणपूर्जा र चालू आ.व.को मालपोत तिरेकोरसिदको प्रतिलिपिथान-१
(घ) चालू आ.व.सम्मको बक्यौता घरजग्गाकर र सम्पतिकर तिरेको प्रतिलिपि थान-१
(ङ) मान्यता प्राप्त प्राविधिकबाट तयार गरिएको निर्मित घरको नक्साथान-३
(च) जग्गाको प्रमाणित नक्सा थान-१

२०७७/०७/२५
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :– ०५५-५२०२९४ (नगर प्रमुख), ५२०८९३ (उप-प्रमुख), ५२०८९४ (आर्थिक प्रशासन शाखा), ५२०३२४ (वारुण यन्त्र)
१६६०५५५२००२ (टोल फ्री नं), EXT.४००३- प्रमुख प्रशासकीय अधिकृत, फैक्स नं. :– ०५५ - ५२०२९२,
www.gaurmun.gov.np.    Email :- gaurnapa@gmail.com.